# 'थैले खत्रीको इतिहास' कथामा उपस्थिति र सीमान्तीयता

❋ प्रभा बराल

baral.prava@gmail.com

***अध्ययनसार***

*प्रस्तुत अध्ययन प्रदीप नेपालद्वारा लिखित थैले खत्रीको इतिहास कथाको सीमान्तीयता र प्रतिशोधको लडाइँसँग सम्बन्धित रहेको छ । सांस्कृतिक अध्ययनभित्रको सीमान्तीयता एउटा मान्यता हो । सीमान्तीयता सिद्धान्तका प्रतिपादक कम्युनिष्ट पार्टीका संस्थापक सदस्य एन्टोनियो ग्राम्सी हुन् । सीमान्तीयता शब्दले सदियौँदेखि शासित आवाजविहीन तथा इतिहासविहीन वर्गलाई समाजको शासक तथा शक्ति केन्द्रहरूबाट कसरी शोषण र दमन गरिएको छ भन्ने बुझाउँछ । सांस्कृतिक अध्ययनले शोषित र दलित निमुखा बोलीविहीन आवाजहरूको आवाज सुन्ने र यस वर्गलाई केन्द्रमा राखेर साहित्यको विश्लेषण गर्दछ। सीमान्तीयताका सन्दर्भमा ग्राम्सीलगायत विभिन्न विद्वान्‌हरूले राखेका धारणासँगै यसको सैद्धान्तिक स्वरूपसँग यस लेखलाई गतिशील बनाइएको छ । यो देशको नागरिक भइकन पनि राज्यको मूलधारबाट पछाडि परेको विपन्न वर्गको थैले खत्री कसरी समाजमा दबिनु परेको छ भन्ने विषयलाई यस लेखले अध्ययनको विषय बनाएको छ । प्रस्तुत लेखमा सीमान्तीयताको सिद्धान्त अनुरूप कथाको प्रमुख पात्र थैले खत्री प्रभुत्वशाली वर्गबाट थिचोमिचोमा परी सीमान्तीकृत वर्गमा पर्न विवश रहेको देखिन्छ । सीमान्तीय दृष्टिकोणबाट अध्ययन गरिएको यस लेखका माध्यमबाट नेपाली साहित्यका विविध विधाका रचनाहरूको पनि सीमान्तीय दृष्टिकोणबाट समालोचना गर्न सघाउ पुग्ने देखिन्छ ।*

**मुख्य शब्दावली** : सीमान्तीयता, प्रभुत्वशाली समाज, प्रतिरोध चेतना, सीमान्तीय वर्ग र सीमान्तीकृत समुदाय ।

**विषयपरिचय**

प्रदीप नेपाल नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । प्रदीप नेपाल (वि.सं.२०१०) नेपाली साहित्यजगत्‌का बहुमुखी प्रतिभा तथा नेपाली साहित्यको प्रगतिशील पाटोमा कलम चलाउने प्रमुख साहित्यकारहरूमध्ये एक हुन् । उनी विशेषगरी आख्यान र त्यसमा पनि उपन्यासका क्षेत्रमा योगदान दिने साहित्यकार हुन् । पञ्चायतकालीन दमनमा भूमिगत राजनीतिमा सक्रिय रहेका बेलामा पनि विभिन्न छद्‌म नाम (सञ्जय थापा, सिरोज, सोनोभ, सागर, मुरारी के.सी तथा ममता सुब्बा आदि)ले साहित्य सृजनामा योगदान दिएका छन् । जनआन्दोलनमा (२०४६) पछि भने साहित्य तथा राजनीति दुवै क्षेत्रमा प्रदीप नेपालकै नामले परिचित छन् ।

सानैदेखि साहित्यिक वातावरण पाएका साहित्यकार प्रदीप नेपालको स्कुले जीवनमा नै 'सुन्दर हिमाल'(२०१८) शीर्षकको कविता लेखी साहित्यिक यात्रा सुरू गरेका थिए । हालसम्म विभिन्न विधाका तीन दर्जनभन्दा बढी पुस्तकका रूपमा प्रकाशित छन् भने अनेकौं लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । सामाजिक यथार्थ विषयवस्तुलाई टपक्क टिपी तत्कालीन समाजको यथार्थ चिण गर्दै समाजमा देखिएका अन्याय र अत्याचार विरूद्ध कलम चलाएका छन् । उनका आख्यानमा सर्वहारावादी दृष्टिकोण, सीमान्तकृतका आवाज, नारी विषयक तथा मानवताको वकालत गर्दछन् ।

'धरहराको शहर' भन्ने कथासङ्ग्रहमा थैले खत्रीको इतिहास कथा सङ्ग्रहित छ। उनका कथाले नेपाली कथासाहित्यको प्रगतिवादी धाराको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। नेपालका कथामा सीमान्तीयताको चित्रण पाइन्छ। नेपाली समाजमा विद्यमान वर्गीय, लैङ्गिक, जातीय विभेदका साथै पात्रका मनोवैज्ञानिक समस्याहरूको प्रस्तुति उनका कथामा पाइन्छ । यस क्रममा नेपाल सीमान्तीय वर्गको पीडालाई कथामा समेट्ने कथाकारका रूपमा देखिएका छन् । उनका कथाहरूमा

❋ **लेखक स्वतन्त्र लेखक तथा अनुसन्धाता हुन ।**

सीमान्तीय वर्गको आवाज र प्रतिरोध चेतना पनि सशक्त ढङ्गमा प्रस्तुत भएको देखिन्छ। सांस्कृतिक अध्ययनभित्रको एउटा मान्यता सीमान्तीयता हो जसको सिद्धान्तको आधार यहाँ प्रस्तुत गरिएको छ।

**सैद्धान्तिक आधार**

सीमान्तीयता सिद्धान्तका प्रतिपादक कम्युनिष्ट पार्टीका संस्थापक सदस्य एन्टोनियो ग्राम्सी हुन्। इटालीका मार्क्सवादी चिन्तक एन्टोनियो ग्राम्सीले इटालीकै जेलमा बस्दा लेखेका लेखहरूको सङ्ग्रह *प्रिजन नोटबुक* (सन् १९७३) बाट सीमान्तीयता शब्दको प्रारम्भ भएको हो (श्रेष्ठ, २०६८, पृ.१८)। ग्राम्सीले सीमान्तीयता शब्दलाई सर्वहाराको पर्यायवाची शब्दका रूपमा प्रयोग गरेका थिए। यस सिद्धान्तलाई विश्वमै परिचित गराउने श्रेय भारतीय विद्वान्हरूलाई रहेको छ। भारतीय विद्वान्हरूले सन् १९८० पछि यस सिद्धान्तलाई विश्वव्यापीकरण गरेको पाइन्छ।

सीमान्तीयता सिद्धान्त परम्परावादी इतिहास लेखनको विधि र प्रक्रियालाई पुनर्विचार गर्दै नवीन दृष्टिकोणबाट इतिहासले लेख्नुपर्ने आवश्यकतालाई उठान गरेकाले यसको प्रभाव विश्वव्यापी बन्दै गएको छ। यस सिद्धान्तले अध्ययन प्रक्रियाको आधार स्रोतको रूपमा कार्ल मार्क्स, एन्टोनियो ग्राम्सी, एरिक हब्सवान्, एडवार्ड सइद लगायतका पश्चिमी विचारकहरूको विचारधाराको उपयोग गरेको देखिन्छ कुनै पनि एक जाति, वर्ग, लिङ्ग, क्षेत्र आदिद्वारा आफ्ना व्यक्तिगत, वर्गगत, जातिगत, लिङ्गगत अनेक प्रकारका स्वार्थ सिद्ध गर्नका लागि अर्को जाति, वर्ग, लिङ्ग, क्षेत्र आदिलाई इतिहास परम्परा, संस्कृति शिक्षा, अवसर आदिबाट विमुख गराउने कार्यबाट यस वर्गको उत्पत्ति हुन्छ। त्यस्तो कार्यसँग सम्बन्धित प्रत्यक्ष वा परोक्ष जुनसुकै प्रकारका रणनीतिक योजना आदिका कारणबाट हुने विभेद तथा त्यसबाट सिर्जित समस्याका कारण हुने कुनै पनि वर्गको समस्याबाट पनि सीमान्तीय वर्गको जन्म हुन्छ भन्ने धारणा पाइन्छ।

हरेक समाजमा शासक तथा शक्तिकेन्द्रबाट शोषित र दमित निमुखा वर्ग हुन्छन्। त्यस्ता वर्ग प्रभुत्वशाली वर्गका शोषण र दमनका विरुद्ध बोल्न सक्दैनन्। सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक हरेक किसिमबाट उत्पीडित ती वर्गलाई बुझाउन सीमान्तीयता शब्द प्रयोगमा आएको पाइन्छ। 'सीमान्तीयतालाई मानिसहरू गरिब र सर्वहारा अनि समाजका पिछडिएका र सीमान्तीकृत मानिसहरूको अध्ययनको पर्यायका रूपमा लिन्छन्। भारतका कतिपय साहित्य सङ्गोष्ठीमा र नेपालका अनेकौं साहित्यिक छलफल र लेखनमा सीमान्तीयतालाई श्रमिक र सर्वहारा वा उत्पीडित वर्गको रूपमा चित्रित गरिन्छ (सुवेदी, २०७१, पृ. २५)। यो वर्ग समाजमा निम्न तहमा रहेको वा उत्पीडनमा परेको वर्गका रूपमा परिचित हुँदै आएको पाइन्छ।

यसरी सीमान्तीयतासम्बन्धी माथिका विभिन्न विद्वान्का विचारहरूसँगै नेपालको संविधानले पनि सीमान्तीयता शब्दको अर्थविस्तार राजनैतिक, आर्थिक र सामाजिक रूपले पिछडिएका र राज्यको सेवासुविधाबाट वञ्चित नागरिकको समूहलाई बुझ्नुपर्छ भनी विद्वान्हरूकै विचारलाई महत्त्व दिएको देखिन्छ। 'थैले खत्रीको इतिहास' कथामा सीमान्तीय अध्ययनलाई राम्ररी बुझ्न तलको तालिकाले (तालिका १) सहयोग पुऱ्याउँछ।

तालिका १ : सामाजिक संरचना, सीमान्तीकृत वर्ग, प्रभुत्व र विचारधारा।

| सामाजिक संरचना | सीमान्तीकृत वर्ग | प्रभुत्वशाली समूह | विचारधारा |
|---|---|---|---|
| वर्गीय समाज | श्रमिक वा निम्न वर्ग | पुँजीपति वर्ग वा शासक वर्ग | पुँजीवाद |
| साम्राज्यवाद | स्थानीय घरेलु शक्ति | युरोप अमेरिका आदि शक्ति राष्ट्र | उपनिवेशवाद |
| पितृसत्ता | महिला | पुरुष | लैङ्गिकता |
| राष्ट्र | अल्पसङ्ख्यक वा कमजोर जाति | बहुसङ्ख्यक | राष्ट्रवाद/एकजातीयता/ एकसांस्कृतिकता |

**सीमान्तीयताका विविध रूपहरूमा थैले खत्रीको इतिहास कथा**

नेपाली विशिष्ट भौगोलिक परिवेशमा जातजाति, धर्म, संस्कृति, वर्ग, भाषा आदि आधारमा सीमान्तीयताको पहिचान र अध्ययन विश्लेषण गर्न सकिन्छ। कोही जातका आधारमा उपल्लो वर्गमा परे पनि आर्थिक तथा अन्य हिसाबले सीमान्तीय हुन सक्छ। कोही भौगोलिक विकटताका कारण सीमान्तीय हुन सक्छ। त्यसो त पराधीन आर्थिक राजनीतिक दृष्टिकोणबाट हेर्दा सबै नेपालीलाई सीमान्तीय भनेर सोधेमा नेपाली परिवेशमा एउटा उदाहरणका रूपमा सरल उत्तर दिन सकिन्छ। कर्णालीका दलित, गरिब, विधवा महिला एक नम्बरका सीमान्तीय मान्न सकिएला (श्रेष्ठ, २०६८,पृ. ४)। घनश्याम नेपालका अनुसार, 'समकालीन सन्दर्भमा यो शब्द शक्ति सम्पन्न पहिलो विश्व र तिनका प्रभावमुनि थिचिएका अन्तर्राष्ट्रिय मञ्चमा लुते, कमजोर, अविकसित भनेर एक किनारामा थन्काइएका मुलुकहरू बीचको अन्तर परिभाषित गर्ने क्रममा ती पछिल्ला वर्गका मुलुक र तिनका सांस्कृतिक स्थितिलाई दिइने संज्ञाका रूपमा चलेको छ (शर्मा, २०७१,पृ. ३१९)। वासुदेव पुलामीका अनुसार शक्ति सम्पन्न राष्ट्र जस्तै अमेरिका, चीन, बेलायत अगाडि तेस्रो विश्व अर्थात् नेपाल भुटान जस्ता राष्ट्रहरू सीमान्तीय बन्न पुगेका देखिन्छन्। सीमान्तीयताका विविध रूपहरूमा थैले खत्रीको इतिहास कथालाई यसरी अध्ययन गर्न सकिन्छ।

**वर्गीय दृष्टिमा सीमान्तीयताको उपस्थिति**

सीमान्तीयताको पहिचान गर्ने एउटा आधार वर्ग पनि हो। प्रस्तुत 'थैले खत्रीको इतिहास' कथामा पनि थैले खत्री निम्न वर्गको पात्र हो। भने ख्याउटे कार्की उच्च वर्गको पात्र हो। निम्न वर्गलाई शोषण र अत्याचार गरेर समाजमा आफ्नो आधिपत्य जमाउने काम ख्याउटे कार्कीले गरेको देखिन्छ। वर्गीय आधारमा समाज उच्च र निम्न वर्गमा विभाजित छ। प्रस्तुत 'थैले खत्रीको इतिहास' कथामा थैले खत्री र उसकी श्रीमती निम्न वर्गीय पात्र हुन् भने ख्याउटे कार्की प्रभुत्वशाली वर्गको पात्र हो। गरिब भएकै कारण गाउँलेहरूले नरबहादुर खत्रीलाई थैले खत्री भन्थे। हरिप्रसाद कार्की समाजको धनी र उच्च वर्गको पात्र हो। उसलाई पिठ्यूँ पछाडि मात्र मान्छेले ख्याउटे कार्की भन्थे। ख्याउटेको जानिनसक्नुको सम्पत्ति भए पनि थैले खत्रीको भने चार वटा गरा भएको खेत मात्र थियो। सिरानको पानी लाग्ने र दश मुरी धान फल्ने हुनाले खेत हीराकै टुक्रो थियो। यति सुन्दर खेत त मकहाँ पो हुनुपर्छ भन्ने सोची ख्याउटेले बाबुबाजेको पालादेखि कमाइ आएको थैलेको खेतप्रति आँखा लगाउँछ। उच्च वर्गको स्वभाव तथा व्यवहार निम्न वर्गप्रति सधैँ हेपाहा खालको हुने गर्छ। यही स्वभावका कारण उच्च वर्गले कमजोर व्यक्तिहरूसँग प्रभुत्व स्थापित गरी तिनलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछन्। वर्गभेदमा निर्भर समाजमा सामन्तवर्ग आफूबाहेक अरूको कुनै पनि प्रकारको उन्नतिप्रगति भएको देख्न चाहदैनन्। थैलै खत्रीको खेत पनि थोरै भए पनि हीराकै टुक्रो बराबरको भएकोले ख्याउटे त्यो खेत हात पार्न चाहन्थ्यो र मनमनै उसले आफ्नो बनाउने पनि टुङ्गो गऱ्यो। वैधानिक रूपमा जसको सम्पत्ति भए पनि ठूलाठालुलाई मन परेपछि आफ्नै बनाउने चलन ख्याउटे कार्कीको बाउबाजेका पालादेखि भएकाले उसले पनि थैले खत्रीको खेत हड्प्ने विचार गऱ्यो।

वर्गीय आधारमा सञ्चालित समाजमा उच्चवर्गलाई निम्न वर्गले गाली गरेको पचाउन सक्दैनन्। यसो गरेमा उनीहरूको परम्परामा नै ठुलो आक्रमण हुन्छ र कसैले पनि यस्तो गर्ने आँट नगरोस् भनेर उच्च वर्गले यस्ता नृशंस घटना घटाइरहन्छन्। यही सोचाइअनुरूप नै ख्याउटेले थैले खत्रीको झुप्रोमा आगो लगाएर थैलेको परिवारलाई घरबारविहीन बनाइदिन्छ। आफूविरुद्ध आवाज उठाउनेको गति यस्तै हुन्छ भनी समाजमा आफ्नो वर्चस्व कायम राख्ने काम ख्याउटेले गरेको छ। यस घटनामा निम्न वर्गलाई सीमान्तीकृत गरी दमन र शोषणमा राखिराख्न समाजका उच्च वर्ग लागिपर्छन् भन्ने सन्दर्भलाई यस कथाले पुष्टि गरेको छ।

**जातीय दृष्टिमा सीमान्तीयताको उपस्थिति**

'थैले खत्रीको इतिहास' कथामा जातीय दृष्टिमा सीमान्तीयताको उपस्थिति देखिन्छ। साहित्यको सीमान्तीयता अध्ययनको अर्को आधार जातीय अवस्था पनि हो। बलशाली र बाठा जातिको दमन र प्रपञ्चबाट बाँच्न किनारामा सङ्घर्षरत जातिहरू

धेरै रहेका छन् (सुब्बा र थापा, २०७१) । प्रभुत्व, पहुँच, पहिचान र प्रतिनिधित्वका आधारमा जातिहरू उच्च र निम्न वा केन्द्र र किनारामा विभक्त भएका छन् ।

**लैङ्गिक दृष्टिमा सीमान्तीयताको उपस्थिति**

'थैले खत्रीको इतिहास' कथामा लैङ्गिक दृष्टिमा सीमान्तीयताको उपस्थिति देखिन्छ। थैले खत्रीको कथामा थैले खत्री ख्याउटे कार्कीसँग बदला लिन गाउँबाट पलायन भएपछि थैलकी श्रीमतीलाई ख्याउटेले चरम अन्याय गरेको छ। गर्भावस्थामा रहेकी थैलेकी श्रीमतीको झुपडीमा आगो लगाई उसलाई तथानाम गाली पनि गरेको छ। महिला भएकै कारण पनि ख्याउटेले थैले खत्रीका श्रीमतीलाई अमर्यादित व्यवहार गरेको छ।

**सीमान्तीय पात्रको भूमिका**

'थैले खत्रीको इतिहास' कथामा सीमान्तीय पात्रको भूमिका देखिन्छ। सीमान्तीय पात्रका हिसाबले थैले खत्रीको इतिहास कथामा थैले खत्री र उसकी श्रीमती मात्र रहेका छन् । उनीहरू दुवै जनाले सिङ्गो गाउँमा रहेका सीमान्तीय जनताको प्रतिनिधित्व गरेको देखिन्छ।

**शक्तिसँग सीमान्तीयताको सम्बन्ध**

'थैले खत्रीको इतिहास' कथामा शक्तिसँग सीमान्तीयताको सम्बन्ध देख्न सकिन्छ। थैले खत्रीको कथामा ख्याउटे कार्कीले शक्तिसँग मिलेर थैले खत्रीमाथि अन्याय गरेको देखिन्छ। पुलिस र प्रशासनलाई हात लिएर उसले कानुनको धज्जी उडाएको छ। व्यक्तिगत लोभलालचमा पुलिसहरू बिकेका छन् । थैले खत्रीको निम्न अवस्थाका कारण उसले शक्ति र सत्तामा बसेकासित हिमचिम बढाउन पाएको छैन र ऊ अन्यायमा पिल्सिन बाध्य भएको छ।

**सीमान्तीय पात्रको भाषा, धर्म र भूगोल**

'थैले खत्रीको इतिहास' कथा सीमान्तीय पात्रको भाषा, धर्म र भूगोल आधारमा पनि विश्लेषण सकिन्छ। थैले खत्रीको कथामा सीमान्तीय पात्र थैले खत्री र उसकी श्रीमती दुर्गम गाउँमा बसोबास गर्छन्। थैलेले गाउँ छाडेपछि थैलेकी श्रीमतीको भाषा अत्यन्त कारुणिक रहेको छ। वेदनामय आवाज छ। आफूप्रति भएको अन्यायलाई दुःखका आँसुबाट बगाएकी छ। उनीहरूको रहनसहन, चाडबाड आदि हेर्दा उनीहरू सनातन हिन्दु धर्ममा आस्था राख्ने गरेको अनुमान गर्न सकिन्छ।

**सीमान्तीय पात्रको भूमिका**

'थैले खत्रीको इतिहास' कथामा सीमान्तीय पात्रको रूपमा थैले खत्री र उसकी श्रीमती रहेका छन्। यस कथामा सीमान्तीय पात्रको सङ्ख्या थोरै देखिन्छ। गैर सीमान्तीय पात्रको रूपमा भने ख्याउटे कार्की, ख्याउटेका दुईटी श्रीमती, पुलिसहरू रहेका छन्। यस कथामा थैले खत्री सीमान्तीय पात्रको प्रमुख भूमिकामा देखिन्छ। उसको वास्तविक नाम नरबहादुर खत्री भए पनि गरिब भएकै कारण सबैले उसलाई थैले खत्री भन्दछन्। काँधमा मैलो थैलो बोकेर गाउँमा हिँड्ने हुनाले उसलाई सबैले थैले खत्री भनेका हुन्। उसले थैलो बोकेर गाउँमा माग्दै हिँड्ने प्रसङ्गलाई कथामा यसरी देखाइएको छ :

> "थैले खत्री घरबाट निस्कदा सधैँ उसको काँधमा एउटा पुरानो र मैलो थैलो झुन्डिएको हुन्थ्यो। गाउँमा जसको घरमा गए पनि ऊ भूइँमा थैलो राखेर हाँस्दै गफ गर्न थालिहाल्थ्यो। आफूले किनेका वा गाउँलेले दिएका इस्कुस, आलु आदि ऊ त्यही थैलोमा राखेर हिँड्थ्यो-अर्थात् बाहिरफेर जे भेटिन्थ्यो ती सबै थैलेले त्यही थैलोमा हाल्थ्यो। त्यसैले गाउँलेले उसको नाम नै थैले राखिदिएका थिए (पृ.९४)।"

कथामा प्रयुक्त यस प्रकारको भनाइले सीमान्तीय पात्र थैले खत्री आर्थिक रूपले विपन्न जीवन बाँच्न विवश भएको तथ्यलाई प्रस्ट पार्छ। आर्थिक कारणले नै समाजमा मानिसको हैसियत निर्माण हुन्छ भन्ने तथ्यलाई थैले खत्रीको अवस्थाले स्पष्ट

पार्छ। थोरै जग्गाजमिन भएकोले खेती किसानी गरेर मात्र खान नपुग्ने हुँदा थैलेले अभिजात वर्गसँग यसरी हात थापेर मागेर खानुपर्ने विवशता आइलागेको हो। कथाकी अर्की सीमान्तीय पात्र थैलेकी श्रीमती पनि अशिक्षित ग्रामीण नारी पात्र हो। घर गृहस्थीमै उसको जीवन बितेको छ। खेती किसानी नै उसको प्रमुख पेसा हो। थैलेकी सहयात्री, अशिक्षित, सोभ्री र सरल पात्रका रूपमा उसको भूमिका कथामा देखिन्छ।

**सीमान्तीयताको आवाज वा प्रतिरोध चेतना**

'थैले खत्रीको इतिहास' कथा सीमान्तीयताको आवाज वा प्रतिरोध चेतना आधारमा पनि विश्लेषण सकिन्छ। कथामा आएका सीमान्तीय पात्रहरू आफूलाई अन्याय गर्नेमाथि चुपचाप छन् वा आफूमाथि भएको अन्यायको प्रतिरोध गरेका छन्। उनीहरूको कथामा आवाज वा प्रतिरोध चेतना केकस्तो छ, तिनको खोजी गर्ने काम सीमान्तीयताको आवाज वा प्रतिरोध चेतनाअन्तर्गत पर्दछ। वर्गीय, जातीय र लैङ्गिक सीमान्तीयताका हिसाबले आएका कथाहरूमा सीमान्तीय पात्रले उच्चवर्गमाथि केकस्तो प्रतिवाद गरेका छन्। उनीहरू शक्तिविहीन र आवाजविहीन हुँदाहुँदै पनि तिनमा चेतनाको स्तर कत्तिको छ ? उनीहरू आफैँ बोलेका छन् कि अरू कसैले उनीहरूको आवाज बोलिदिएको छ। यस कुराको अध्ययन गर्ने काम सीमान्तीयताको आवाज वा प्रतिरोध चेतनामा हुन्छ।

'थैले खत्रीको इतिहास' कथामा सीमान्तीय वर्गको आवाज वा प्रतिरोध चेतना प्रखर रूपमा भएको देखिन्छ। सीमान्तीय पात्र थैले खत्रीले सामन्तवादी सोच भएको ख्याउटे कार्कीका विरुद्धमा निकै प्रतिवाद गरेको छ। बाबुबाजेका पालादेखि कमाउँदै आएको आफ्नो खेत ख्याउटेले बलपूर्वक हडपेको कुरा थैलेलाई सह्य भएको छैन। जानिनसक्नुको सम्पत्ति ख्याउटे कार्कीको हुँदाहुँदै धेरै धान फल्ने र सिरानको पानी लाग्ने भनेर थैलेको खेत हडप्नु समाजका उच्च वर्गले गरिबप्रति गरिएको दमन हो। यसका विरुद्ध थैलेले कडासँग प्रतिवाद गरेको छ। जसरी ख्याउटेले थैलेलाई खेत हडप्दा विभिन्न तरिकाहरू अपनाएको थियो त्यस्तै गरी केही वर्षको अन्तरालपछि आफ्नो खेत फिर्ता गर्न थैलेले उसै गरी ख्याउटेलाई बाध्य पारेको छ। उदाहरणका लागि तलका अनुच्छेदहरू हेर्न सकिन्छः

उदाहरण १ : "मर्द भर जन्मेपछि पहाडसँग पनि ठोकिनुपर्छ। ख्याउटे बाँदरको त के कुरा, ख्याउटेजस्ताको हूलै आए पनि थैले डराउँदैन", थैलेले टेर्दै नटेरी भन्यो (पृ.९५)।

उदाहरण २ : "जोता ख्याउटे जोता, बाउको छोरो र'छु भने ब्याजसहित फिर्ता लिउँला, होइन तँजस्तै दुई बाउको छोरो र'छु भने तेरा गोडामा लत्रिन आउँला (पृ.९६)।"

उदाहरण ३ : "ख्याउटे म आइपुगेँ। तैले मेरो खेत त लुटिथिस्। म नभएको मौका पारेर मेरा घरमा आगो पनि लगाइछस्। दुई बाउको छोरो होइनस् भने तयार हो। आजका २१ दिनका दिन तेरो नाकैमुनि म तेरो धान राख्ने गोदाममा आगो लाइदिन्छु। हिम्मत छ भने आइज, छैन भने स्वास्नीको फरियामा लुक् (पृ.९७)।"

उदाहरण ४ : "ख्याउटे, तैले मेरो घरगोठमा आगो लाइथिस्। मैले त तेरो गोदाममा मात्रै लाएको छु। घरमा आगो लाउन बाँकी नै छ। म तेरो घरमा चार महिनाभित्र आगो लाइदिन सक्छु र मेरी स्वास्नीलाई दुवर्चन लाएको अपराधस्वरूप तेरो गोठमा पनि आगो लाइदिन्छु। जोगाउन मन भए धनसम्पत्ति र गाईभैँसी अन्तै सार्। तेरो घोडालाई भने म एक मैनाभित्र मारिदिन्छु (पृ.९८)।"

उदाहरण ५ : "तैँले त मेरो घरगोठ नै डढाएको थिइस् तर मैलेचाहिँ तेरो गोठ मात्रै डढाएको छु। अभ्रै म तँलाई एक मौका दिन्छु। मार्नैपर्ने भए तँ मुला एउटा गोलीको तारो न होस्। तर मार्दिनँ, आफ्नो पुरानो बानीव्यहोरा फेर्। दुई बाउको छोरो होस् तैपनि बुद्धि पलायो भने सप्रिन सक्छस्। होइन अभ्रै निहुँ खोज्छस् भने अबचाहिँ बाँकी राख्दिनँ (पृ.९९)।"

माथिका उदाहरणका आधारमा हेर्दा आफूमाथि अन्याय गर्न र घरबास उठिबास लगाउने ख्याउटे कार्कीप्रति थैले कार्कीको प्रतिशोधपूर्ण व्यवहार खरो रूपमा उत्रिएको छ। आफूलाई मन पऱ्यो भन्दैमा आफ्नो स्वामित्वमा बनाउन खोज्ने प्रभुत्वशाली

समाजको सामन्ती प्रवृत्तिलाई थैले खत्रीले कडासँग विद्रोह गरेको छ। आफूलाई जसरी ख्याउटेले बन्दुक प्रयोग गरेर तर्साएको थियो थैलेले पनि त्यसरी नै ख्याउटेलाई ठेगान लगाएको छ। आफूमाथि भएका अन्याय सहने तर प्रतिकार नगर्ने स्वभाव निम्न वर्गीय मानिसमा हुन्छ तर थैले खत्रीले आफूमाथि भएको अन्यायलाई टुलुटुलु हेरेर बसेको छैन। समाजमा थैले खत्रीको जस्तो प्रतिरोध क्षमता सबै निम्न वर्गीय मानिसमा हुन्थ्यो भने त्यो समाज उच्च र निम्न वर्गको वर्गीय विभेदमा बाँडिने थिएन। निम्न वर्गलाई आफ्नो अधीनमा राख्न समाजको उच्च वर्गका मानिसहरू चाहन्छन्। उनीहरूमाथि दमन गरेर आफू सबैभन्दा माथि पर्न चाहन्छन। यतिमात्र नभएर निम्न वर्गका कुनै पनि राम्रा कुरा देख्नेबित्तिकै आँखा लगाइहाल्छन्। यहाँ थैले खत्रीको खेत पनि हीराको टुक्रो जस्तै सुन्दर भएकोले ख्याउटे कार्कीले आँखा लगाएको छ। मसँग हुनुपर्ने त्यति सुन्दर खेत किन थैलेसँग भयो भनेर उसलाई छटपटी भएको छ। त्यो खेत हात पार्न अनेकौं जाल बुनेर एकै चोटि खेतमा गोरु जोताएको छ।

गोरु नै जोताइसकेपछि थैले केही बोल्न सक्दैन भन्ने ख्याउटेको सोचाइप्रति थैलेले कडा रूपमा प्रतिकार गरेको छ। निम्न वर्गको थैलेलाई एक वचन पनि नसोधी खेत हड्प्न खोज्नु ख्याउटेको शोषक प्रवृत्तिको पराकाष्ठा हो। यस प्रवृत्तिका विरुद्ध थैलेले कडासँग प्रतिवाद गरेको छ। तीन वर्षसम्म ऊ गाउँबाट हराएर आफ्नो खेत फर्काउन सक्ने हैसियत पलाएपछि ऊ बल्ल गाउँ फर्किएको छ।

थैलेले आफ्नै खेत फर्काउन गरेको क्रियाकलापलाई निस्तेज पार्न ख्याउटेले पुलिसको सहारा लिएको छ। प्रभुत्वशाली समाजमा सामन्तवादीको साँठगाँठ पुलिस प्रशासनसँग पनि हुने भएकोले ख्याउटेको पनि सम्बन्ध रहेको छ। यसै कारणले थैले पुलिसको नजरमा लुकेर हिँडनु परेको छ। लुकेर हिँडे पनि एक दिन थैले खत्रीको र पुलिसको जम्का भेट भई भीडन्त हुन पुगेको छ। भीडन्तमा थैलेसँगको युद्धले पुलिसको मृत्यु भएको छ। पुलिसको मृत्युपछि फरार रहेको थैलेलाई आफ्नै सासुले घरमा बोलाएर परिबन्दमा पारी पुलिसले पक्डिएर सजाय दिएको कुरा कथामा आएको छ।

थैलेका पुर्खाहरूले ख्याउटे कार्की जस्ता सामन्तको अत्याचार सहदै आए पनि थैले खत्रीमा भने त्यस्ता वर्गहरूप्रति प्रतिकार गर्ने साहस र हिम्मत जुटेको देखिन्छ र अरूमाथि अन्याय गर्दा कसरी उनीहरू पीडाको सागरमा डुब्ने रहेछन् भन्ने कुरा ख्याउटेले आफ्नो धान गोदाम आगलागीले दनदनी बल्दा बरर आँसु झारेबाट स्पष्ट हुन्छ। यस प्रसङ्गलाई तल उदाहरणमा प्रस्तुत गर्नु सान्दर्भिक हुन्छः "३० गते राति दनदनी बलिरहेको गोदामतिर हेर्दै ख्याउटेले बररर आँसु झार्‍यो। नवलपुरको इतिहासमा पहिलोपल्ट एक दर्जन मान्छेले गोदामको आगोको उज्यालोमा ख्याउटेका आँखामा आँसु देखे (पृ.९७)।"

अरूलाई सताउन मात्र जानेको सामन्ती सोचको ख्याउटे कार्कीलाई थैले खत्रीले राम्रैसँग तह लगाएको छ। धान गोदाममा मात्र आगो लगाउने होइन घरमै आगो लगाइदिन सक्छु भनेर ख्याउटेलाई कडारूपमा चुनौती दिएको छ तर पछि म ख्याउटे जत्तिको निर्दयी छैन भनेर उसको गोठ मात्रै डढाएर आफ्नो प्रतिशोध पूरा गरेको छ। आफ्नो गोठ जलाउने थैलेप्रति अशिष्ट भाषामा गाली गर्न जानेनन् भनेर ख्याउटे आत्तिएर आफ्नी दुईटी पत्नीतिर हेर्दै बरबराइरहेको थियो। यस प्रसङ्गलाई तल उदाहरणमा प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ :

> "पातर्नीहरू, थैलेकी स्वास्नीहरू जसरी सराप दिन पनि जान्दैनन्" (पृ.९९)।

थैलेले लिएको बदलाबाट बच्न ख्याउटे कार्कीले घरमा पुलिसलाई राखेर सान्त्वना लिएको थियो तर पुलिसकै नाममा एकदिन बरन्डामा चिठी भेटिएपछि पुलिसहरू पनि अचम्मित भए। यस प्रसङ्गलाई तल उदाहरणमा प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ :

> "पुलिसवालाहरू यहाँको झगडा ख्याउटे र मबीचको हो भनेर चार वर्ष पहिले नै तिम्रा हाकिमले भनेका छन्। त्यतिबेला गोस्वारामा बडाहाकिमले सम्झाउँदै भनेका थिए-"धत् यस्तो कुरा लिएर पनि आउने हो ? यो त तिमी र हरिप्रसादको आपसी मामला हो, गाउँको मामला हो। देशमा प्रजातन्त्र आइसकेको छ त्यसैले तिमीहरूले आपसमा यस्ता झैंझगडालाई मिलाउनुपर्छ। यस्ता कुरा अड्डाअदालतमा ल्याउने होइन, जाऊ।" त्यसपछि म पनि हिँडेथैं। म आज चार वर्षपछि ख्याउटेसँगको मामिला मिलाउन आएको छु। जसरी पहिले ममाथि आपत् पर्दा पनि तिमीहरू

> चुपचाप बसेका थियौ, त्यसरी नै अहिले ख्याउटेलाई अप्ठयारो पर्दा पनि तिमीहरूले तटस्थ बस्नुपर्छ। होइन भने तिमीहरूले ख्याउटेकै साथ दिएको पुष्टि हुन्छ (पृ.९९)।"

समग्रमा 'थैले खत्रीको इतिहास' कथाको सीमान्तीय पात्र थैलेले गरेको प्रतिरोध चेतना अत्यन्त प्रखर छ। अन्यायका विरुद्ध उसले लडेको सङ्घर्षको कथा प्रेरणायोग्य छ। उसले समग्र निम्न वर्गका लागि यसरी आवाज उठाएर हौसला पनि प्रदान गरेको छ। उसले प्रतिवाद नगरेको भए ख्याउटेको क्रियाकलाप यसरी नै अघि बढिरहन्थ्यो र कयौँ थैले खत्रीजस्ता सोझा मानिस ख्याउटेको शिकार भइरहन्थे। प्रभुत्वशाली समाजका ख्याउटेजस्ता सामन्ती पात्रलाई कसरी ठेगानमा लगाउने भनेर थैलेले गरेको सङ्घर्ष प्रेरणायोग्य छ।

अतः 'थैले खत्रीको इतिहास' कथामा सीमान्तीय पात्रले उठाएको आवाज र उसले गरेको प्रतिरोध चेतना अत्यन्त सकरात्मक र उच्च रहेको देखिन्छ। आफूमाथि परेको अन्याय सहन नसक्ने अत्यन्त जुझारु पात्रका रूपमा थैले खत्री यस कथामा देखिएको छ त्यसैले थैले खत्रीको इतिहास कथाको प्रतिरोध चेतना उच्च रहेको छ।

**निष्कर्ष**

कथाकार प्रदीप नेपालद्वारा लिखित 'थैले खत्रीको इतिहास' कथा सीमान्तीय अध्ययनका दृष्टिले अत्यन्त उपयुक्त रहेको छ। शक्तिको आड लिएर गरिब, निमुखामाथि अत्याचार गर्दा एकदिन त्यो अत्याचार आफैंमाथि फर्किन्छ भन्ने कुरालाई लेखकले थैले खत्रीको इतिहास कथामार्फत देखाएका छन्। यस कथामा थैलेले न्यायको खोजीमा बन्दुक समाउन गएको कुराले माथिको भनाइलाई पुष्टि गर्दछ। न्याय पाउने ठाउँ कहीँ नभएपछि विद्रोही शक्तिमा लागेर सामन्ती ख्याउटेलाई बदला लिएको कुराबाट लेखक सीमान्तीय मैत्री कथाकार रहेको प्रस्ट हुन्छ।

कथाकारले यस कथामा समाजमा सीमान्तीकृत जीवन बिताउन बाध्य भएका पात्रहरूको जीवनका जटिलताहरूलाई मार्मिक रूपमा प्रस्तुत गरेका छन्। यस कथाका सीमान्तीय पात्रहरू थैले खत्री र उसकी पत्नी कमजोर आर्थिक अवस्थाले गर्दा ख्याउटे कार्कीजस्ता प्रभुत्वशाली वर्गबाट किनारीकृत हुनु परेको छ। सीमान्तीय वर्गको वर्गीय प्रतिनिधित्व थैले खत्री र उसकी श्रीमतीले गरेका छन्। समाजको सामन्तीवादी वर्गव्यवस्थाका कारण निम्न वर्गको पात्र थैले खत्रीको आर्थिक अवस्था ज्यादै कष्टकर रहेको छ। असाध्यै राम्रो धान फल्ने पुर्खादेखि बाबुबाजेले कमाउँदै आएको आफ्नो खेत शक्तिको आडमा ख्याउटेले खाइदिँदा थैले र उसकी श्रीमती अत्यन्त पीडाको जीवन बाँच्न विवश भई वर्गीय दृष्टिले सीमान्तीय पात्र बनेका छन्। प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने ख्याउटेका कारण थैलेको परिवार किनारीकृत बनेको छ। ख्याउटेको यो शोषक प्रवृत्तिका विरुद्ध थैलेले कडासँग प्रतिकार गर्ने साहस जुटाएको छ। शासन सत्तासँग साँठगाँठ मिलाएर प्रहरी प्रशासनलाई समेत हात लिने ख्याउटेका विरुद्ध थैले विद्रोही पक्षको सेनामा भर्ती भई बन्दुक बोक्न थालेको छ। बन्दुकको जवाफ बन्दुकले नै दिन्छ भन्दै थैलेले ख्याउटेलाई बन्दुक तेर्साएको छ। जसरी आफ्नो खेत बन्दुकको भरमा हडपेको थियो त्यसरी नै थैलेले पनि ख्याउटेसँग बदला लिएको छ। ख्याउटे कार्कीजस्ता सामन्तीको आज्ञा मान्नु हुँदैन भन्ने चेतना थैलेमा जागृत भएको छ र प्रतिकारमा उत्रेको छ। तसर्थ यस कथामा सीमान्तीय पात्र थैले र उसकी श्रीमतीको आवाज प्रतिरक्षाको लागि बुलन्द देखिएको छ। लेखकको सीमान्तीयताप्रतिको दृष्टिकोण पनि सकरात्मक रूपमा प्रस्तुत भएको हुनाले सीमान्तीयताका दृष्टिले यो कथा अध्ययनीय रहेको कुरा पुष्टि हुन्छ।

**सन्दर्भ सामग्री**

उप्रेती, सञ्जीव, *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन, २०६८।

कोइराला, नरेन्द्रप्रसाद, *कथाकार सञ्जय थापाको कथाकारिता,* अप्रकाशित दर्शनाचार्य शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौँ, २०५८।

चापागाई, निनु, *पूर्ववाद र सइदेली विचार,* ललितपुर : साझा प्रकाशन, २०७३, पृ. ३५।

डिकक, लियन, *इन्टरभ्यू विथ गायत्री चक्रवर्ती स्पिभाकः* न्यू नेशन राइटर कन्फ्रेन्स इन साउथ अफ्रिका (सन् १९९२) उद्धृत, शैलेन्द्र अधिकारी, अमर न्यौपानेका आख्यानमा सबाल्टर्न, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, काठमाडौँ, २०७१, पृ. २० ।

डेभिड, लडान, सम्पा. *रिडिङ सबाल्टर्न स्टडिज,* दिल्ली : पेर्मानेन्ट ब्ल्याक, सन् २००९ ।

नेपाल, प्रदीप, *धरहराको शहर,* ललितपुर : साझा प्रकाशन, २०६२ ।

पाण्डेय, ताराकान्त, *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन, २०७३ ।

पुलामी, वासुदेव, 'किनाराभित्रका आवाजहरूभित्र सबाल्टर्नका स्वरहरू', *समकालीन साहित्य डट कम,* २०६८ वैशाख १४ ।

बराल, ऋषिराज, *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* ललितपुर : साझा प्रकाशन, २०७३, पृ. १७२ ।

मनप्रसाद सुब्बा र रेमिका थापा, *किनारा विमर्श,* सम्पा., मनप्रसाद सुब्बा र रेमिका थापा (सन् २०११) उद्धृत, महेश कार्की, *नयनराज पाण्डेका उपन्यासका सबाल्टर्न,* अप्रकाशित दर्शनाचार्य शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०७३ ।

श्रेष्ठ, तारालाल, शक्ति, *स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन्स, २०६८ ।

सुब्बा, मनप्रसाद र थापा, रेमिका, किनारा विमर्श, सम्पा., मनप्रसाद सुब्बा र रेमिका थापा (सन् २०११) उद्धृत, महेश कार्की, *नयनराज पाण्डेका उपन्यासका सबाल्टर्न,* अप्रकाशित दर्शनाचार्य शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०७३ ।

सुवेदी, अभि, 'सबाल्टर्न इतिहास र बोली' *जुगल सैद्धान्तिक नेपाली समालोचना,* (सम्पा.) राजेन्द्र सुवेदी, काठमाडौँ : जुगल पब्लिकेसन्सन, २०७१, पृ. २५ ।

शर्मा, मोहनराज, 'श्वेत भैरवी कथामा अवरजन' *मधुपर्क,* (वर्ष ४७, अङ्क ५४३, २०७१, भदौ), पृ.२५ ।

ज्ञान, प्रकाश, 'सबाल्टर्न स्टडिज एज पोस्टकोलोनियल क्रिटिसिज्म', *अमेरिकन हिस्टोरिकल रिभ्यु,* भो. ९९ : ५ (डिसेम्बर १९९४), पृ. १४७९ ।